# चिङ्गाड गाउँपालिका

**अवलचिङ्ग,सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ८** **संख्याः ७**

प्रमाणीकरण मितिः २०८१।११।११
राजपत्रमा प्रकासित मितिः २०८१।११।११

## चिङ्गाड गाउँपालिका स्तरीय शान्ति तथा न्यायकालागि नागरिक सञ्जाल निर्माण र परिचालन सम्बन्धि कार्यविधि, २०८१

# पालिका स्तरीय शान्ति तथा न्यायकालागि नागरिक सञ्जाल निर्माण र परिचालन सम्बन्धि कार्यविधि, २०८१

**प्रस्तावना :**

वि.सं. २०५१ सालदेखि २०६३ सालसम्म नेपालमा शसस्त्र संघर्षका क्रममा चिंगाड गाउँपालिका भित्र  राज्य र विद्रोही दुबैपक्षवाट भएका मानव अधिकार उल्लंघनका घटनाहरुबाट पीडित भएका द्वन्द्वपीडितहरुको विशेष तथा समष्टिगत आवश्यकताहरु सम्बोधन गर्दै उनीहरुका सरोकारका विषयमा अर्थपूर्ण सहभागिता एवम् आत्म सम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण सुनिश्चित गर्न तथा उनीहरुलाई आवश्यक विभिन्न सेवा, सुविधा, उपचार, परिपूरण आदी उपलब्ध गराँउदैउनिहरुको सामाजिक, आर्थिक, मनोसामाजिक, साँस्कृतिक तथा ब्यक्तिगत माव अधिकारको रक्षा र प्रवर्धनको लागि आवश्यक कामहरु अघि बढाई पीडित परिवारको सामाजिकीकरण र जीविकोपार्जन सुधार मार्फत दीगो शान्ति स्थापना गर्नु बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७२ ले दिएको अधिकारको प्रयोग गरी शसस्त्र द्वन्द्व पीडितहरुको गाउँपालिका स्तरीय शान्ति र न्यायकालागि नागरिक संजाल निर्माण तथा परिचालन सम्बन्धि कार्यविधि २०८१ निर्माण गरी लागु गरिएकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यस कार्यविधिको नाम **“शान्ति र न्याकालागि नागरिक संजाल निर्माण तथा परिचालन सम्बन्धि कार्यविधि २०८१”** रहनेछ ।

ख. यो कार्यविधि कार्यपालिकाले पारितगरी स्थानिय तहको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु गरिनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **पालिका** भन्नाले चिंगाड गाउँपालिका भन्ने बुझाउनेछ ।

ख) **अध्यक्ष** भन्नाले चिंगाड गाउँपालिकाको अध्यक्षलाई बुझाउनेछ ।

ग) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले चिंगाड गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

घ) **शसस्त्र द्वन्द्व पीडित** भन्नाले विस. २०५१ देखि २०६३ सालसम्म भएको शसस्त्र द्वन्द्वका क्रममा राज्य र विद्रोही दुवैपक्षवाट भएका मानव अधिकार उल्लंघनका घटनाबाट पीडित भएका पीडित र उनिहरुका परिवारलाई बुझाउनेछ ।

ङ) **शान्ति तथा न्यायकालागि नागरिक सञ्जाल भन्नाले** शसस्त्र द्वन्द्वका क्रममा राज्य र विद्रोही दुवैपक्षवाट भएका मानव अधिकार उल्लंघनका घटनाबाट पीडित भएका पीडित र उनिहरुका परिवारका सदस्यहरु संगठीत भएको पालिका स्तरीय कार्यसञ्जाललाई बुझाउनेछ ।

छ) **जीविकोपार्जन सुधारका लागि सहयोग भन्नाले** शसस्त्र शसस्त्र द्वन्द्वका क्रममा अपहरण, यातना, घाइते, अशक्त र जबरजस्ती करणी वा यौनजन्य हिंसावाट पीडित भएका व्यक्तिहरु स्वयं तथा मारिएका र बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरुलाई नियमित जीवन चलाउनका लागि दिइने घुम्तीकोष वा आयआर्जन र अन्य तरिकाका सहयोगलाई बुझाउनेछ ।

ज) **सहयोगी संस्था भन्नाले** शसस्त्र द्वन्द्व पीडितहरुका लागि काम गर्ने सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाई बुझाउनेछ ।

झ) **दीगो शान्ति भन्नाले** शसस्त्र द्वन्द्ववाट पीडितहरुलाई राज्यका तर्फवाट आवश्यक क्षतिपूर्ति,सम्मान वा पीडकपक्षवाट क्षमायाचना मार्फत समाजमा स्थापित हुन, पीडालाई कम गर्न वा विर्सन र जीविकोपार्जनमा सहजताल्याई उनीहरुमा बदलाको मनोभावलाई क्रमशः हटाउदै समाजमा सहज जीवनयापनको वातावरण निर्माण गर्ने भन्ने बुझिनेछ ।

## परिच्छेद २
## अभिलेख ब्यवस्थापन तथा स्मृतिकरण

२.१ वि.सं. २०५१ सालदेखि २०६३ सालसम्म यस गाउंपालिका भित्र शसस्त्र द्वन्द्वका क्रममा जीवन गुमाएका तथा वेपत्ता पारिएका ब्यक्तिहरु र तिनका आश्रित परिवार, घाइते अंगभग भई उपचार गराईरहेका ब्यक्ति र तिनका परिवार, लामो समय बिस्थापनमा परि आर्थिक अवस्था कमजोर रहेका ब्यक्ति र तिनका परिवार, कुटपीटमा परि मानसिक रुपमा अस्वस्थ भएका ब्यक्ति र तिनका परिवार, धनसम्पत्ति गुमाएका ब्यक्ति र तिनका परिवार, रोजगारी गुमाएका ब्यक्ति र तिनको परिवारहरु, र अपहरण, यातना, घाइते, अशक्त र जबरजस्ती करणी वा यौनजन्य हिंसावाट पीडित भएका व्यक्तिहरुको समग्र पक्षको छानवीन गरी उनीहरुको पालिका स्तरीय अभिलेख ब्यवस्थापन गर्नका लागि शान्ति र न्याकालागि नागरिक संजालले गाउँपालिकालाई विशेष पहल र सहयोग गर्नुपर्नेछ ।

२.२. शान्ति र न्याकालागि नागरिक संजालले शसस्त्र द्वन्द्व पीडितहरुको अभिलेखलाई स्थानीय राजनीतिक दल, नागरिक समाज र स्थानीय सहयोगी गैर सरकारी संघसंस्थाहरुका बीचमा प्रस्तुत गरी तथ्य, त्थ्यांकहरुको सत्यताको खोजी गर्नुपर्नेछ ।

२.३. शान्ति र न्याकालागि नागरिक संजालले शसस्त्र द्वन्द्व पीडितहरुको अभिलेख सबैको पहुंचमा हुने गरी सार्वजनिक गर्नुपर्नेछ र पालिकाको

सहयोगमा सम्बन्धित पालिकाको वेवपेजमा अपलोड गरी सबैको समान पहुंचको ब्यवस्था मिलाउनु पर्नेछ । तर जबरजस्ती करणी वा यौन जन्य हिंसाका पीडितहरुको अभिलेखलाई सार्वजनिक नगर्ने र गोपनियता कायम गरि राख्ने ब्यवस्था मिलाउनु पर्नेछ ।

२.४. शान्ति र न्याकालागि नागरिक संजालले राज्य र गैर सरकारी संघसंस्थाहरुवाट अहिलेसम्म पीडितहरुका लागि गरिएको सहयोगको विवरण र पीडितहरुको विद्यमान अवस्था झल्किनेगरी अभिलेख ब्यवस्थापन गर्नुपर्नेछ ।

२.५. शान्ति र न्याकालागि नागरिक संजालले विगतमा शसस्त्र द्वन्द्वमा सहभागि भएका शसस्त्र द्वन्द्वका लडाकुहरु र उनीहरुको अहिलेको अवस्थाको वारेमा अभिलेखमा समावेश गर्नुपर्नेछ ।

२.६. शान्ति र न्याकालागि नागरिक संजालले शसस्त्र द्वन्द्व पीडितहरुलाई समाजमा घुलमिलको वातावरण निर्माणका लागि उनीहरुलाई स्थानीय सरकारको योजना निर्माण प्रकृया, स्थानीय सार्वजनिक संरचनाहरु सामुदायिक वन, विद्यालय ब्यवस्थापन समिति, मठमन्दिर, युवा क्लवहरु, आमा समूहहरु आदिमा सहज सहभागिताको अवसर सृजनागर्नुपर्नेछ ।

२.७. शान्ति र न्याकालागि नागरिक संजालले पालिका र सरोकारवालाहरुको वीचमा निरन्तर छलफलगरी, द्वन्द्व प्रभावति परिवारका सदस्यहरुको चाहाना र माग बमोजिम शहिद, बेपत्ता तथा उनीहरुको स्मरणकालागि ऐतिहासिक स्थल, संरचना, पार्क, जंगल, दस्तावेजहरु आदिको संरक्षण, संबर्धन र विकासकोलागि अगुवाई, पहल तथा संरक्षण गर्नुपर्ने छ ।

२.८. शान्ति र न्याकालागि नागरिक संजालले शसस्त्र द्वन्द्वपीडित परिवारलाई हाम्रो अभिभावक छ भन्ने विश्वास सृजना गर्न स्थानीय सरकारका रुपमा रहेको पालिकाको सहयोगमा विभिन्न समयमा पीडितहरुको कुरा सुन्ने

वातावरणमा लागि नियमित अनुभव आदान प्रदान अन्तरक्रियाहरुको सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद ३
## पालिका स्तरीय शान्ति र न्यायकालागि नागरिक सञ्जालको गठन र परिचालन

३.१ पालिकाले शसस्त्र द्वन्द्वमा जीवन गुमाउनु भएका ब्यक्तिहरुको योगदानलाई चिरस्थायी बनाउन र पीडित परिवारको पीडा कम गराउनका लागि चिंगाड गाउँपालिकाले सबै पक्षको सहभागिता हुने गरी पालिका स्तरीय एक **शान्ति र न्यायकालागि नागरिक सञ्जाल** गठन गर्नेछ ।

३.२. **शान्ति र न्यायकालागि नागरिक सञ्जाल**को संयोजक १ जना, सचिव १ जना, कोषाध्यक्ष १ जना, सदस्य ४ जना रहनेछन ।

३.३. संजालको गठनकालागि प्रत्येक बडाबाट दुई दुई जना र पालिका भित्र भएका द्वन्द्व प्रभावितहरुबाट बनेका द्वन्द्व प्रभावितहरुको न्याय र अधिकारकालागि बनेको कुनै पनि राजनीतिक पार्टीबाट स्वतन्त्र रहेको औपचारिक संस्था वा संगठन त्यस्ता संस्थाहरुबाट गाउँपालकिाको अध्यक्षले सिफरिश गरेका बढिमा २ जना ब्यक्तिको प्रतिनीधित्व हुनेगरी बनेको साधरण सभाले सात जनाको कार्य समितिको छनोट गर्नेछ भने कार्यसमितिले यसको समन्वय र पैरवी कार्यलाई प्रभावकारी बनाउनकालागि पालिकामा कार्यरत सकृय नागरिक समाज, मान अधिकारबादी, संचारकर्मी तथा सामाजिक न्यायमा कार्यरत संस्थाहरुबाट प्रतिनिधित्व रहनेगरी बढिमा ३ जनाको सल्लाहकार समिति बनाउन र यसको भूमिका र जिम्मेवारी तोक्न सक्नेछ ।

३.४. संजालको गठन गर्दा प्रकृया पूर्ण समावेशी र न्यायमा आधारित सिद्दान्तमा रहेर हुनेछ । सात सदस्यीय कार्यसमितिमा कम्तिमा ४ जना महिला हुनेछन भने संख्याको आधारमा प्रतिनीधित्व रहनेगरी राज्य पक्षबाट प्रभावित र तत्कालिन द्वन्द्वरत पक्षबाट प्रभावितहरुको प्रतिनीधित्व सुनिश्चित गरिने छ । यस समितिमा पदाधिकारी लगायतका ७ जनामा हरेक वडाबाट एक एक जनाको प्रतिनिधित्व हुनेगरी कार्यसमिति बन्ने छ ।

३.५. यो कार्यसमितिको कार्यअवधी निर्वाचित भएको मितिले ३ वर्षको हुनेछ ।

३.६. गाउँपालिकाको प्रतिनीधीको रहोवरमा यस संजालको हरेक बर्ष साधारण सभा हुनेछ र साधारण सभामा संजालले गरेको गतिविधी तथा प्रगती र बजेटको प्रस्तुती गरिनेछ ।

३.७. यस संजालको गाउँपालिकाले तोकेको स्थानमा एक कार्लालय हुनेछ । उक्त कार्यालय पदाधिकारीहरुको बैठक संचालन तथा नियमित कार्यसंचालनको कार्य गरिनेछ ।

३.८. **सञ्जालका पदाधिकारीहरुको काम कर्तब्य र अधिकार** निम्नानुसार रहनेछन ।

### ३.८.१ संयोजकको काम, कतब्य र अधिकार

क) बैठकको अध्यक्षता गर्ने ।

ख) कार्यसञ्जालका पदाधिकारी तथा सदस्यहरुको कार्यविभाजन गरी काममा खटाउने ।

ग) आवश्यकता अनुसार अन्य उप समितिहरु गठन गरी कामको जिम्मेवारी तोक्ने ।

घ) पालिकाका अध्यक्ष, कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतको समन्वयमा रही कामकाज गर्ने ।

ङ) पालिकाको योजना निर्माण प्रकृयामा सहभागि भई हरेक आर्थिक वर्षमा शसस्त्र द्वन्द्व पीडित परिवार र तिनका परिवारका सदस्यहरुको जीविकोपार्जनका लागि क्रियाकलाप र बजेट पेश गरी पारित गर्न पालिकालाई सघाउने ।

च) पालिका स्तरीय कार्यसञ्जाल संस्थामार्फत भए गरेका कामहरुको प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन र सार्वजनिक सुनुवाईका प्रतिवेदनहरु पलिकामा प्रस्तुत गर्ने ।

छ) अन्य आवश्यक कामहरु गर्ने ।

### ३.८.२ सचिवका काम कर्तब्य र अधिकारहरु

क) बैठकमा छलफलका विषयवस्तुहरु तयार गरी अन्य पदाधिकारी र सदस्यहरुलाई उपलब्ध गराउने

ख) बैठकको माइन्युट लेख्ने ।

ग) कार्यसञ्जालको बैठकको सूचना सबैलाई दिने ।

घ) शसस्त्र द्वन्द्व पीडितहरुको पालिका स्तरीय अभिलेख तयार गरी ब्यवस्थित बनाउने ।

ङ) अध्यक्षले तोकेका अन्य कामहरु गर्ने ।

च) पालिका स्तरीय कार्यसञ्जालका सबै अभिलेखहरु सुरक्षित रुपमा राख्ने ।

**३.८.४ कोषाध्यक्षका काम कर्तब्य र अधिकारहरु :**

क) कार्यसञ्जालको सबै हिसावकिताव दुरुस्त राख्ने ।

ख) खर्चका बिल भरपाई तथा अन्य दोहोरो लेखा प्रणालीलाई ब्यवस्थित बनाउने ।

ग) प्रत्येक आर्थिक वर्षको लेखा परिक्षण गराउने ।

घ) कार्यसञ्जालको आर्थिक योजना बनाउन अध्यक्ष र सचिवलाई सहयोग गर्ने ।

ङ) अध्यक्षले तोकेका अन्य कामहरु गर्ने ।

**३.८.५ सदस्यहरुको काम कर्तब्य र अधिकारहरु**

क) बैठकमा नियमित उपस्थित भई आफनो विचार राख्ने ।

ख) शसस्त्र द्वन्द्व पीडितहरुको पक्षमा उभिएर काम गर्ने ।

ग) अध्यक्षले तोकेका अन्य जिम्मेवारीहरु पुरा गर्ने ।

घ) दीगो शान्ति स्थापना र सामाजिक न्यायका लागि आवश्यक काम गर्ने ।

ङ) आआफ्नो वडा अन्तरगतका द्वन्द्व पिडितहरुलाई सहयोग गर्ने, संजालले गरेको निर्णय सम्प्रेषण गर्ने र उनीहरुका सवालहरु गाउँपालिका सम्म पुर्‍याउनकालागि पहल गर्ने ।

## परिच्छेद ४
## शसस्त्र द्वन्द्व पीडितहरुको जीविकोपार्जन, हक अधिकार तथा न्यायमा सहयोग

४.१. पालिका स्तरीय शान्ति तथा न्याकालागि नागरिक सञ्जालले शसस्त्र द्वन्द्व पीडितहरुका पीडितहरुका लागि उनीहरुको जीविकोपार्जन, हक अधिकार तथा न्यायमा सुधारकालागि विभिन्न कार्यक्रम बनाई लागु गर्न सक्नेछ ।

४.२. शान्ति तथा न्यायकालागि नागरिक सञ्जालले शसस्त्र द्वन्द्व पीडितहरुका पीडित परिवारको अभिलेखका आधारमा विभिन्न स्थानहरुमा पीडितहरुको समूह बनाई उनीहरुको आयआर्जनका लागि एउटा समूहका लागि कम्तिमा एक लाख रुपियाको घुम्तीकोष निर्माण गरी वार्षिक रुपमा घुम्तीकोष सञ्चालन गर्न सक्नेछ ।

४.३ पालिका स्तरीय कार्यसञ्जालले बनाएको घुम्तिकोषको रकम एकवर्ष निर्ब्याजी रुपमा प्रयोग गरी साना घरेलु उद्योग, खुद्रा ब्यापार, बाख्रापालन, कुखुरापालन, ब्यवसायिक तरकारी खेती जस्ता ब्यवसाय गरी आम्दानी गर्ने र एकवर्षपछि सोही समूहको अर्को ब्यक्तिमा उक्त घुम्तीकोषको रकम सर्ने प्रकृया निर्धारण गरी कार्यान्वयन गर्न सक्नेछ ।

४.४. पालिका स्तरीय कार्यसञ्जालले निर्माण गर्ने घुम्तिकोषको रकम पालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शसस्त्र द्वन्द्व पीडितहरुको पालिका स्तरीय कार्यसञ्जालको प्रतिनिधि २ जना र पीडित समूहका १ जना प्रतिनिधि रहने गरी ५ सदस्सीय सञ्चालक समिति निर्माण गर्न सक्नेछ ।

४.५. पालिका स्तरीय कार्यसञ्जालले सञ्चालन गरेको घुम्तीकोषको रकममा सहयोगी सरकारी तथा गैर सरकारी संघसंस्थाहरुले रकम थप

गर्न सक्नेछन । त्यसरी रकम थप गर्ने निर्णयको जानकारी पालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

४.६. पालिका स्तरीय कार्यसञ्जालले सञ्चालन गरेको घुम्तीकोषको आम्दानी खर्चको विवरण घुम्तीकोष लिने ब्यक्तिले पालिकालाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेछ ।

४.७. घुम्तीकोष लिएर कुनै ब्यवसाय गर्दा त्यस्ता ब्यवसायको विमा अनिवार्य रुपमा गर्नुपर्नेछ ।

४.८. घुम्तीकोष लिएर ब्यवसाय सञ्चालन गरी उत्पादन गरीरहेका ब्यक्तिहरुका लागि आवश्यक बजार ब्यवस्थापनमा पालिकाले सहयोग माग गर्नुपर्नेछ ।

४.९. पालिका स्तरीय कार्यसञ्जालले सञ्चालन गरेको शसस्त्र द्वन्द्व पीडितहरुका पीडितहरुको जीविकोपार्जन सुधारका लागि घुम्तीकोष कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि नियमित रुपमा अनुगमनको ब्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद ५
## कोषको निर्माण तथा सञ्चालन

५.१ शान्ति र न्याकालागि नागरिक संजालको संचालनकोलागि यसको एक कोषको ब्यवस्था गरिनेछ । कोषकालागि विभिन्न सरोकारवालाहरुसंग स्रोतको साझेदारी र सहयोग जुटाउन सक्नेछ । यस संजालको संचालनकोलागि र द्वन्द्ध प्रभावितहरुको सहयोगकालागि गाउँपालकिाले बजेटको उपलब्धता अनुसार बार्षिक बजेट उपलब्ध गराउन सक्नेछ ।

५.२. गाउँपालिकाले संजालको कोष निर्माण, परिचालन, तथा ब्त्यसको अनुगमन र मूल्यांकनगरी सञ्चालन गर्ने अनुमति प्रदान गर्नेछ ।

५.३. शान्ति र न्याकालागि नागरिक संजालको कोषको रकम बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

५.४. बैंक खाता शान्ति र न्याकालागि नागरिक सञ्जालका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सञ्चालन गरिनेछ ।

५.५. शान्ति र न्याकालागि नागरिक संजालले पीडितहरुको आयआर्जनमा उक्त रकम खर्च गर्ने योजना पालिकालाई प्रस्तुत गर्नुपर्नेछ ।

५.६. शान्ति र न्याकालागि नागरिक सञ्जालको वार्षिक लेखा परिक्षण प्रतिवेदन पालिकालाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बुझाउनुपर्नेछ ।

## परिच्छेद ६
## कार्यविधि संशोधन, कार्यसमितिको विघठन

६.१. यो शान्ति तथा न्यायकालागि नागरिक सञ्जाल निर्माण र परिचालन सम्बन्धि कार्यविधि २०८१मा संशोधन आवश्यक भएमा कार्यपालिकाको बैठकले आवश्यक संशोधन गर्न सक्नेछ ।

६.२. यस संजालको कार्य समितिको काम, कर्तब्य र भूमिका माथि गम्भीर प्रश्न उठी पुठि भएमा, भूमिका पालिकाको काममा अवरोध हुने अवस्था आएमा कार्यपालिकाले कार्यसमिति निलम्बनगरी नयाँ कार्यसमिति गठन नहुने बेला सम्मकालागि तदर्थ समिति बनाएर कामको जिम्मा दिन सक्नेछ । तर यसरी बनेको तदर्थ समितिको कार्यकाल चार महिना भन्दा

बढि हुने छैन र कार्यपालिकाले चार महिना भित्र यस कार्यविधि बमोजिमको कार्यसमितिको निर्वाचनगरी जिम्मेवारी दिनुपर्ने छ ।

## परिच्छेद ७
## विविध

७.१. शान्ति तथा न्यायकालागि नागरिक सञ्जाल कार्यसमितिले आफ्नो दैनिक कार्यसंचालनकालागि योजना निर्माण गर्ने, द्वन्द्व पीडितहरुसंगको नियमित भेटघाट तथा सहयोगकालागि सदस्यहरुको जिम्मेवारी तोक्ने र सोही अनुसार कार्यान्वयन गर्ने कार्य गर्नुपर्ने छ ।

७.२. संजालका संयोजकले द्वमाशिकरुपमा गाउँपालिकासंग संजालले गरेका कृयाकलाप तथा कार्यप्रगतीको अद्यावधिक गर्नुपर्ने छ ।